वर्ष ६, अंक १०, माघ

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्



# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन

**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**

''वस्तुनिष्ठ अपराध अनुसन्धान मानव अधिकारको सम्मान''

# विषय सूची


**प्रमुख सल्लाहकार**

प्र.अ.म.नि. टेक बहादुर तामाङ

**सल्लाहकार**

प्र.ना.म.नि. जनक भट्टराई
प्र.ब.उ. वसन्त रजौरे
प्र.ब.उ. नविनराज राई

**सम्पादक मण्डल**

प्र.नि. केवि गुरूङ
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**

प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत
प्र.ह. कल्पना राई

**ले-आउट/ग्राफिक्स**

प्र.ज. भावना चन्द



| | |
|---|---|
| **विभागिय गतिविधि** | १ - ४ |
| **अपराध तथ्याङ्क** | ४ - १० |
| **प्रहरी सेवा प्रवाह** | ११ - १३ |
| **खोजतलास तथा समन्वय** | १४ |
| **अपराध अनुसन्धानमा सहायता प्रदान** | १५ - १६ |
| **अपराध समाचार** | १७ - २० |
| **उत्कृष्ट अनुसन्धान** | २१ |

# विभागीय गतिविधि

## इन्टरपोलद्वारा संचालित दुई वटा प्रशिक्षण कार्यक्रम उद्घाटन



***काठमाडौं, २ माघ***

प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले इन्टरपोल महासचिवालयद्वारा संचालित INTERPOL Project SOTERIA परियोजना अन्तर्गतका दुई वटा प्रशिक्षणको संयुक्त रूपमा उद्घाटन गर्नुभएको छ । दातृ निकायमा संलग्न व्यक्तिहरूबाट हुन सक्ने यौनजन्य दुर्व्यवहारको रोकथाम गर्ने प्रयोजनार्थ उक्त परियोजना अन्तर्गतको SOTERIA Operational Training for Border Management Officials विषयक र INTERPOL Policing Capabilities Programme (IPCP) विषयक प्रशिक्षण कार्यक्रमको प्रहरी महानिरीक्षक कुँवरले नेपाल प्रहरी प्रधान कार्यालयमा आयोजित एक कार्यक्रमबिच उद्घाटन गर्नुभएको हो । उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक कुँवरले प्रशिक्षणले इन्टरपोल उपकरण र प्रणालीहरूलाई प्रभावकारी रूपमा प्रयोग गर्नका लागि सहभागीहरूलाई सीप, ज्ञान प्रदान गर्ने तथा अन्तर्राष्ट्रिय प्रहरी सहयोग र विभिन्न अपराध परिदृश्यहरूमा इन्टरपोल उपकरणहरूको जागरूकता बढाउने बिषयलाई सम्बोधन गर्ने उल्लेख गर्नुभयो । सीमा व्यवस्थापन अधिकारीहरूको लागि संचालित प्रशिक्षणले आपराधिक गतिविधिहरूलाई प्रभावकारी रूपमा पहिचान गर्न र सीमा व्यवस्थापन क्षमतालाई बलियो बनाएर अन्तर्राष्ट्रिय अपराधहरू विरुद्ध लड्ने प्रतिबद्धतालाई अझ जोड दिने उहाँले उल्लेख गर्नुभयो । प्रहरी महानिरीक्षक कुँवरले विश्वले यौन उत्पीडन र दुर्व्यवहारसँग सम्बन्धित कठिनाइहरूको सामना गरिरहेको अवस्थामा विपन्न र कमजोर व्यक्तिहरूको हित, मर्यादा र सम्मानको रक्षा गर्न परियोजनाले खेलेको भूमिका प्रशंसनीय रहेको चर्चा गर्नुभयो । प्रशिक्षणबाट प्राप्त ज्ञान सिप सहभागीहरुको कार्य क्षेत्रमा लाभदायक हुने र अधिक सुरक्षित विश्वव्यापी समुदाय निर्माण गर्न सहयोगी हुने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

उक्त अवसरमा INTERPOL Project Soteria का Criminal Intelligence Officer ,Frazer Waldron ले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रममा दुवै प्रशिक्षणहरूका प्रशिक्षकको रुपमा INTERPOL Project Soteria अन्तर्गतबाट ५ जना Officials हरुको उपस्थिति थियो । उक्त प्रशिक्षणमध्ये त्रिभुवन विमानस्थल कार्यालय गौचरमा संचालन हुने SOTERIA Operational Training for Border Management Officials विषयक प्रशिक्षणमा नेपाल प्रहरीका १३ जना अधिकृतहरु र अध्यागमन विभागका ७ जना अधिकृतहरु गरी जम्मा २० जना र नेपाल प्रहरी प्रधान कार्यालय नक्सालमा संचालन हुने INTERPOL Policing Capabilities Programme (IPCP) विषयक प्रशिक्षणमा नेपाल प्रहरीका अधिकृतहरु २० जना अधिकृतहरुको सहभागिता रहको छ । प्रशिक्षण माघ २ देखि ५ गतेसम्म संचालन हुने छ ।

## INTERPOL Project SOTERIA परियोजना अन्तर्गत संचालित दुई वटा प्रशिक्षण कार्यक्रम सम्पन्न



***काठमाडौं, ५ माघ***

इन्टरपोल महासचिवालयद्वारा INTERPOL Project SOTERIA परियोजना अन्तर्गत संचालित दुई वटा प्रशिक्षण कार्यक्रम सम्पन्न भएका छन्। नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङको प्रमुख आतिथ्यतामा नेपाल प्रहरी प्रधान कार्यालयमा आयोजित दुई छुट्टाछुट्टै कार्यक्रम बिच उक्त प्रशिक्षण समापन गरिएको हो । साथै उहाँले दुवै प्रशिक्षणमा सहभागीहरूलाई प्रमाणपत्र समेत प्रदान गर्नुभयो । सो अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षक तामाङले विभिन्न एजेन्सीहरू बिचको सहकार्य महत्त्वपूर्ण रहेको चर्चा गर्दै यी प्रशिक्षणले विचार र अभ्यासहरूको आदान प्रदान गर्नुका साथै सहयोगी भावनालाई थप प्रगाढ बनाउने बताउनुभयो । अन्तर्राष्ट्रिय र संगठित अपराध विरूद्धको लडाइँमा संयुक्त प्रयासको आवश्यकता छ र त्यस्ता पहलहरू मार्फत बढाइएको सहकार्यले नेपाललाई मात्र नभई इन्टरपोलका सबै सदस्य राष्ट्रहरूलाई पनि फाइदा पुग्ने विश्वास उहाँले व्यक्त गर्नुभयो । यस्ता अन्तर-संगठनात्मक प्रशिक्षण कार्यक्रमहरूले प्रशिक्षार्थीहरूको क्षमता अभिवृद्धि गर्नुका साथै कार्यस्थलमा एकता र अनुकूल वातावरण सिर्जना गर्न मद्दत गर्ने उहाँले उल्लेख गर्नुभयो । दातृ निकायमा संलग्न व्यक्तिहरूबाट हुन सक्ने यौनजन्य दुर्व्यवहारको रोकथाम गर्ने प्रयोजनार्थ उक्त परियोजना अन्तर्गत SOTERIA Operational Training for Border Management Officials विषयक र INTERPOL Policing Capabilities Programme (IPCP) विषयक प्रशिक्षण कार्यक्रम माघ २ गतेबाट संचालन भएको थियो ।

उक्त प्रशिक्षणमध्ये त्रिभुवन विमानस्थल कार्यालय गौचरमा संचालन भएको SOTERIA Operational Training for Border Management Officials विषयक प्रशिक्षणमा नेपाल प्रहरीका १३ जना अधिकृतहरू र अध्यागमन विभागका ७ जना अधिकृतहरु गरी जम्मा २० जना र नेपाल प्रहरी प्रधान कार्यालय नक्सालमा संचालन भएको INTERPOL Policing Capabilities Programme (IPCP) विषयक प्रशिक्षणमा नेपाल प्रहरीका अधिकृतहरु २० जना अधिकृतहरूको सहभागिता रहको थियो । दुवै प्रशिक्षणमा INTERPOL Project Soteria अन्तर्गतबाट ५ जना प्रशिक्षकहरू समेतबाट प्रशिक्षण प्रदान गरिएको थियो ।

## बिदाई तथा फेरी भेटौंला कार्यक्रम सम्पन्न



**काठमाडौं २ माघ**

नेपाल सरकार, गृह मन्त्रालय माननीय उप-प्रधानमन्त्री एवं गृह मन्त्रीस्तरको मिति २०८० पुस २४ गतेको निर्णयानुसार नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा कार्यरत प्रहरी नायब महानिरीक्षक सुरेन्द्र प्रसाद मैनालीको नेपाल प्रहरी शिक्षालय भरतपुर, चितवन काज सरुवा हुनुभएकोमा मिति २०८०।१०।०२ गते "विदाई तथा फेरि भेटौला" कार्यक्रम आयोजना गरी विदाई गरियो। सो अवसरमा विदाई भई जान लाग्नु भएका प्रहरी नायव महानिरीक्षक सुरेन्द्र प्रसाद मैनालीले आफ्नो तर्फबाट प्रतिवद्दता मन्तव्य व्यक्त गर्नुभएको थियो । उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृतहरुको उपस्थिती रहेको थियो।

## दर्ज्यानी चिन्हद्वारा सुशोभित



**काठमाडौं, ७ माघ**

प्रहरी उपरीक्षकको मिति २०८० माघ ०३ गतेको निर्णयानुसार जनपद तर्फका प्रहरी हवल्दार पदबाट प्रहरी वरिष्ठ हवल्दार पदमा बढुवा नियूक्ति भएका प्रहरी वरिष्ठ हवल्दारहरुलाई नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङद्धारा दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न भयो। बढुवा भएका मध्ये अपराध अनुसन्धान विभागमा कार्यरत प्रहरी वरिष्ठ हवल्दार नारायण पौडेल, शारदा बानिया, शोभा अधिकारी, राम कुमार भण्डारी र लाल बहादुर स्याङतान हुनुहुन्थ्यो। प्रहरी कर्मचारीहरुलाई दर्ज्यानी चिन्ह सुशोभन गर्ने क्रममा प्रहरी अतिरिक्त महानिरीक्षक तामाङले बधाई दिँदै आगामी दिनमा अझ बढी व्यावसायिकता प्रदर्शन गर्दै प्राप्त जिम्मेवारीलाई वहन गर्न निर्देशन दिनुभयो। उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृत, जुनियर प्रहरी अधिकृत तथा अन्य दर्जाका प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो।

## अपराध अनुसन्धान समीक्षा गोष्ठी सम्पन्न






**काठमाडौं, ८ माघ**

उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले आधुनिक प्रविधिको दुरूपयोगबाट हुन सक्ने अपराधहरू प्रति सतर्कता अपनाई नियन्त्रण र अनुसन्धानमा पूर्वतयारी गर्नु आजको अपरिहार्य आवश्यकता रहेको बताउनुभएको छ । साथै उहाँले अत्याधुनिक प्रविधिलाई अपराध नियन्त्रण र अनुसन्धानको प्रयोजनको लागि प्रयोग गर्न पर्याप्त स्रोत साधन व्यवस्था गर्ने र त्यसको प्रयोग गर्न सक्ने दक्ष जनशक्ति तयार गर्नेतर्फ सबैको प्रयास समेत हुनु जरूरी रहेको उल्लेख गर्नुभयो । नेपाल प्रहरी प्रधान कार्यालयमा संचालित एक दिवसीय 'अपराध अनुसन्धान समीक्षा गोष्ठी' को उद्घाटन सत्रलाई सम्बोधन गर्दै उपप्रधानमन्त्री एवम् गृहमन्त्री श्रेष्ठले उक्त कुरा बताउनुभएको हो। उपप्रधानमन्त्री एवम् गृहमन्त्री श्रेष्ठले अपराध अनुसन्धान कार्यलाई थप व्यवसायिक तथा विशिष्टिकृत बनाउनु गृह प्रशासन कार्ययोजनाको एउटा प्रमुख क्रियाकलाप रहेको चर्चा गर्दै अपराध अनुसन्धान सम्बन्धी वर्तमान अवस्था, चुनौतीहरू तथा भावी कार्ययोजनाको बारेमा विश्लेषण र छलफल गर्न यस गोष्ठी महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो। नेपाल प्रहरीले यस प्रकारको गोष्ठी सातै प्रदेशमा आयोजना गरी हाल केन्द्रीयस्तरमा आयोजना गरेकोले गोष्ठीले देशभरी भएका गोष्ठीहरूबाट आएका विषयहरूको विश्लेषण गरी अपराध अनुसन्धानको भावी कार्यदिशा तय गर्ने तथा अपराध अनुसन्धानको विभिन्न आयामहरूमा विचार विमर्श गर्न, अन्तरदृष्टि आदानप्रदान गर्न र रणनीति निर्माण गर्न समेत उपयुक्त कार्यदिशा प्रदान गर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो। आन्तरिक शान्ति सुरक्षा कायम गर्न र अपराध अनुसन्धान गर्नको लागि नेपाल प्रहरी प्रमुख निकाय भएको र व्यवसायिक अपराध अनुसन्धानको र जनताको सुरक्षाको प्रत्याभुतिसँग प्रत्यक्ष सम्बन्ध रहेको बताउँदै उपप्रधानमन्त्री एवम् गृहमन्त्री श्रेष्ठले भन्नुभयो, 'सही अनुसन्धानले अपराधीलाई कानूनको कठघरामा मात्र ल्याउँदैन, हुन सक्ने अपराधलाई रोक्ने र गलत प्रवृति भएका व्यक्तिहरूलाई निरुत्साहित गर्ने कार्य समेत गर्दछ। पीडितलाई न्यायको अनुभव गराउनुमा पनि अपराध अनुसन्धानको प्रमुख भुमिका रहेको हुन्छ।' अपराध अनुसन्धान एक बहुआयामिक प्रयास भएको र अनुसन्धान गर्ने निकायको एकल प्रयासले यो महत्वपूर्ण कार्यलाई सम्पन्न गर्न कठिन हुने उल्लेख गर्दै उहाँले यसमा अन्य सरकारी निकायहरू, विभिन्न सेवा प्रदायक संस्थाहरू र नागरिकहरू समेतको समन्वय, सहयोग र सहकार्यको आवश्यकता रहनेमा जोड दिनुभयो । सो

अवसरमा महान्यायाधिवक्ता डा. दिनमणी पोखरेलले अपराध अनुसन्धानलाई त्रुटिरहित, विश्वसनियतता र प्रमाणको आधारमा गरिने अभियोजना गर्ने अवस्थालाई उच्चतम बिन्दुमा पुर्‍याउन सबै सरोकारवाला निकायहरू दढ संकल्पित हुनुपर्ने बताउनुभयो। अपराध अनुसन्धानमा भएका त्रृटि र कमि कमजोरीलाई समयमा नै पहिचान गर्न समेत यस गोष्ठीबाट आउने निष्कर्षले महत्वपूर्ण भूमिका निर्वाह गर्ने उहाँले उल्लेख गर्नुभयो। कार्यक्रममा प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले फौजदारी न्याय प्रणालीको आधारशिलाको रूपमा रहेको यस संगठनका सकल दर्जाले कानूनी राज्यको प्रत्याभूति दिलाउन आ-आफ्नो कर्तव्य र जिम्मेवारी गम्भीरतापूर्वक सम्पादन गर्दै आएको चर्चा गर्नुभयो। पीडितलाई न्याय, अपराधीलाई सजाय र मानव अधिकारको सम्मान गर्दै विधिको शासन कायम गराइ दण्डहिनताको अन्त्य गराउन सरोकारवाला निकायहरूका बीचको व्यावसायिक सम्बन्ध र सहकार्य आवश्यक रहेको उहाँले बताउनुभयो। प्रहरी महानिरीक्षक कुँवरले आर्थिक अपराधले आम नागरिकका व्यक्तिगत जीवनस्तरमा मात्र नभई सिंगो राष्ट्रिय अर्थतन्त्रमा समेत प्रत्यक्ष असर पुर्‍याएको बताउँदै आर्थिक अपराधसँग सम्बन्धित अपराधहरूको अनुसन्धानको लागि नेपाल प्रहरीले विशिष्टकृत ब्यूरो स्थापनाको लागि समेत गृहकार्य थालनी गरेको उल्लेख गर्नुभयो। वैज्ञानिक, प्रमाणमुखी र प्रविधिमैत्री अनुसन्धानको अभ्यासलाई कार्यान्वयन गराउन उपस्थित प्रहरी अधिकृतहरूको ध्यान आकृष्ट गराउँदै प्रहरी महानिरीक्षक कुँवरले भन्नुभयो, 'संविधानका पाना र ऐन कानुनका दफामा जतिनै शब्दहरू प्रयोग भएता पनि, राज्यले अधिकार सुम्पिएका र सो कार्यान्वयनको जिम्मेवारीमा रहेका हामी र हाम्रा मातहतका कर्मचारीले आफ्नो कार्यशैलीको काँचुली नफेरेसम्म संविधान र कानुनका शब्दहरूको मर्म प्राप्ति हुँदैन र सर्वसाधारणले साँचो अर्थमा न्याय पाएको अनुभूत गर्न सक्दैनन्। कार्यक्रममा काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोल, नेपाल बार एसोसियसनका अध्यक्ष वरिष्ठ अधिवक्ता गोपाल कृष्ण घिमिरे र नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष विपुल पोखरेलले अपराधको वर्तमान अवस्था र अपराध न्यूनिकरणका लागि तयार गर्नुपर्ने योजना लगायतका बिषयमा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभयो। काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक दिपक थापाले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, गृहमन्त्रालयका सहसचिव, सहन्यायाधिवक्ता, प्रहरी नायव महानिरीक्षकहरू, प्रहरी वरिष्ठ अधिकृतहरू, जिल्ला न्यायाधिवक्ताहरू, संचारकर्मी लगायतको उपस्थिति एवम् प्रदेश प्रहरी प्रमुखहरूको भर्चुएल उपस्थिति रहेको थियो।

गोष्ठी समापन समारोहलाई सम्बोधन गर्दै नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले यस गोष्ठीको दौरान प्राप्त तथ्य र तथ्याङ्कका साथै अनुसन्धान कर्ता र सरकारी वकिल समेतको प्रत्यक्ष रुपमा अभिव्यक्त बुझाई र अनुभवले अपराध अनुसन्धानको आगामी योजना निर्माणका लागि महत्वपूर्ण हुने अपेक्षा रहेको बताउनुभयो। प्रहरी अतिरिक्त महानिरीक्षक तामाङले यस गोष्ठीले अपराध अनुसन्धानको सवल पक्षहरूलाई उत्कृष्ट अभ्यासको रुपमा कार्यान्वयन गर्ने, देखिएका समस्या र चुनौतीलाई योजनाबद्ध रूपमा सम्बोधन गरी आगामी रणनीति र योजना निर्माण गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो। अपराध नियन्त्रण र अनुसन्धानमा बहुपक्षिय सहयोग र समन्वय आवश्यक भएकोले केन्द्र, प्रदेश, जिल्ला र ईलाका तहसम्मले सबैबाट सहयोग प्राप्त गर्न पहल गर्ने अपेक्षा रहेको उहाँले बताउनुभयो। गोष्ठीमा महान्यायाधिवक्ताको कार्यालय, सरकारी वकिल कार्यालय, सहकारी विभाग, नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग, काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरी, मानव बेचबिखन अनुसन्धान ब्यूरो, लागूऔषध नियन्त्रण ब्यूरो, साइबर ब्यूरो, केन्द्रीय अनुसन्धान ब्यूरो, जिल्ला प्रहरी परिसर काठमाडौं, ललितपुर र भक्तपुरका प्रतिनिधीहरूले अपराध अनुसन्धानको अवस्था, अनुसन्धानमा देखिएका चुनौतीहरू लगायतका विषयवस्तुमा प्रस्तुतीकरण गर्नुभएको थियो। उक्त गोष्ठीमा अपराध अनुसन्धानमा देखिएका समस्या र त्यसका समाधान लगायतका विषयवस्तुहरूमा विस्तृत छलफल गरिएको थियो। कार्यक्रममा सहन्यायाधिवक्ताहरू, प्रहरी नायव महानिरीक्षकहरू, प्रहरी वरिष्ठ अधिकृतहरू लगायतको उपस्थिति रहेको थियो।

## चर्चित घटनाहरूको सङ्ग्रह-भाग १" पुस्तकको विमोचन



***काठमाडौं १७ ,माघ***

प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागद्वारा प्रकाशित "नेपाल प्रहरीले अनुसन्धान गरेका चर्चित घटनाहरूको सङ्ग्रह-भाग १" पुस्तकको विमोचन समेत गर्नुभयो। उक्त पुस्तकमा रहेका घटनाहरूको संकलन तथा लेखन प्रहरी नायव उपरीक्षकहरू रबिन्द्र नाथ पौडेल, बेद प्रकाश जोशी, पंच कुमार बाखु र प्रहरी निरीक्षक राजु अधिकारीले गर्नुभएको छ। साथै प्रहरी महानिरीक्षक कुँवरले पुस्तक लेखनमा संलग्न प्रहरी अधिकृतहरूलाई सोही अवसरमा सम्मान समेत गर्नुभयो।

## "प्रहरी साथमा छ" बोलको म्युजिक भिडियोको विमोचन



***काठमाडौं १७ ,माघ***

प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले "प्रहरी साथमा छ" बोलको अपराध न्यूनीकरण सम्बन्धी जनचेतनामूलक म्युजिक भिडियोको विमोचन गर्नुभयो। उक्त म्युजिक भिडियोको परिकल्पना प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले गर्नुभएको हो भने रचनाकार दिल शिरिष र प्रकाश सपूत रहनुभएको छ। प्रकाश सपूत र सुदिप सागरको संगीत तथा प्रकाश

सपूत र सुनिता दुलालको गायन रहेको उक्त म्युजिक भिडियोको निर्देशन आरन प्रोडक्सनबाट सुनिल बिकले गर्नुभएको छ।

## "Training Reporting System" TRS तालिम सम्पन्न



***काठमाडौं, माघ १५***

राष्ट्रिय प्रहरी प्रतिष्ठान, महाराजगञ्जको तत्वावधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीको प्रमुख आतिथ्यतामा मिति २०८० पुस २४ गते देखि संचालित १६ कार्यदिन अवधिको गैह्-आवासीय आधारभुत २०८० माघ १५ गते सम्पन्न भयो। उक्त तालिममा प्रहरी वरिष्ठ नायव निरीक्षक २, प्रहरी नायव निरीक्षक २, प्रहरी सहायक निरीक्षक ४, प्रहरी वरिष्ठ हवल्दार २, प्रहरी हवल्दार ६, प्रहरी सहायक हवल्दार ३ जना र प्रहरी जवान १६ जना गरी जम्मा ३५ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो । **"Training Reporting System"** तालिमबाट कम्प्युटर सम्बन्धी ज्ञान शिप हासिल गर्नुका दक्ष प्रहरी जनशक्तिबाट सम्वन्धित प्रहरी कार्यालयहरुमा सघाउ पुग्ने विश्वास लिदैं तालिम सफलतापूर्वक सम्पन्न गरेकोमा सहभागीहरुलाई प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीले बधाई समेत व्यक्त गर्नुभयो। उक्त अवसरमा भण्डारीले प्रशिक्षार्थीहरुलाई प्रमाण-पत्र वितरण गर्दै प्रशिक्षार्थीले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्य क्षेत्रमा जिम्मेवारी पूर्वक त्रुटिरहित ढंगबाट कार्य सम्पादन गर्नुपर्ने बताउनुभयो।

## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति कतारबाट पक्राउ

***काठमाडौं, ११ माघ***

जबरजस्ती करणी मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी सुनसरी बराहक्षेत्र नगरपालिका-११ मधुवन बस्ने २५ वर्षीय सेहमान खाँ पक्राउ परेका छन् । एनसिबि दोहाको समन्वयमा कतारमा पक्राउ परेका उनलाई




सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ नेपाल फिर्ता ल्याइएको छ। खाँ विरुद्ध जिल्ला प्रहरी कार्यालय सुनसरीमा जबरजस्ती करणी मुद्दा दर्ता भएपछि अनुसन्धानको क्रममा उनी वैदेशिक रोजगारीको सिलसिलामा कतारमा रहेको खुल्न आएको थियो। अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवं पक्राउ गर्नको लागि नेशनल सेन्ट्रल व्यूरो (एनसिबी) काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट यही माघ २ गते उनी विरुद्ध रेड नोटिस जारी भएको थियो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## स्वागत कार्यक्रम सम्पन्न



***काठमाडौं, २३ माघ***

संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ आवेई स्थित UNITAMS (UNITED NATIONS INTEGRATED TRANSITION ASSISTANCE MISSION IN SUDAN) मिशनमा प्र.ना.उ किरण जङ्ग कुँवर मिति २०७८ भदौ २९ गते खटि गई मिति २०८० माघ २० गते सफलता पुर्वक कार्यकाल सम्पन्न गरी स्वदेश फिर्ता हुनु भएकोमा नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले स्वागत गर्नुभयो । उक्त कार्यक्रममा तामाङले स्वदेश फिर्ता हुनुभएका प्रहरी अधिकृतहरुलाई प्रमाण पत्र वितरण गर्नुका साथै आवश्यक निर्देशन समेत दिनुभयो।

## बिदाई कार्यक्रम सम्पन्न




***काठमाडौं, २३ माघ***


संयुक्त राष्ट्र संघको अनुरोधमा मिति २०८० साल फागुन ५ गते, तदनुसार १७ FEBRURY, २०२४ मा UNITED NATIONS OFFICE ON DRUGS AND CRIME, DOHA , QATAR मा programme officer ( cyber crime investigation), p-3 पदमा छनौट भई जान लाग्नु भएका प्रा.प्र.व.उ. ए.एम. चन्द्र बहादुर धामीलाई नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले बिदाई गर्नुका साथै बधाई तथा शुभकामना दिनुभयो। उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृत र अन्य दर्जाका प्रहरी कर्मचारीहरुको समेत उपस्थिती रहेको थियो।

# अपराध तथ्याङ्क


## काठमाडौ उपत्यका तथा प्रदेशहरुको माघ महिनाको अपराध तथ्याङ्क (मुद्दा दर्ता संख्या)





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्दा दर्ता संख्या (मंसिर-माघ)




## त्रैमासिक मुद्दा दर्ता र फछ्यौंट संख्या (मंसिर-माघ)





## वार्षिक अपराध तंथ्याक (०७७/०७८ देखि ०८०।०८१ माघ सम्म)




## जघन्य अपराधको प्रदेशगत मुद्दा दर्ता ( आ.व. २०८०।०८१ माघ)





## गम्भीर अपराधको प्रदेशगत मुद्दा दर्ता (आ.व. २०८०।०८१ माघ)




## सामान्य अपराधको प्रदेशगत मुद्दा दर्ता संख्या (आ.व. २०८०।०८१ माघ)





## २०८० माघ महिनामा घरेलु हिंसा सम्बन्धी विवरण



## २०८० माघ महिनामा जबरजस्ती करणी मुद्दामा पीडित र अभियुक्तको सम्बन्ध विश्लेषण





## २०८० माघ महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणीको घटनास्थल संख्यागत विवरण




## २०८० माघ महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ८८ | ५६ वर्ष ४ महिना ७ दिन | ४६,५६,५०,५८८ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | १९३ | १४८ वर्ष ६ महिना ९ दिन | ३,२२,९३,८५८ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ४१७ | १०४ वर्ष २ महिना ७ दिन | ३३,४१,६३२ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | २९७ | ९१ वर्ष १ महिना २६ दिन | ६७,४४,९९५ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ८८ | ३७ वर्ष ४ महिना १६ दिन | ५७,०८,७५० |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | १४७ | १११ वर्ष ३ महिना १५ दिन | २४,८५,२७० |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ४४ | ९ वर्ष ६ महिना ९ दिन | २,४३,९४५ |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ५० | ८ वर्ष १० महिना २३ दिन | ३९,४८,५७३ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | ८ | ३७ वर्ष ९ महिना १९ दिन | १३,१९,४६,३७८ |
| | **जम्मा** | **१३३२ जना** | **६०५ वर्ष ११ दिन** | **रु.६५,२३,६३,९८९।-** |

## २०८० माघ महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या





## २०८० पुस र माघ महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८० माघ महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८० माघ महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | विवरण | प्रगती | |
|---|---|---|---|
| | | दर्ता | बितरण |
| १ | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/बितरण | १०९३१८ | ८४४७९ |
| २ | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखावाट Security Clearance को लागि प्राप्त | २६४ | २५८ |
| ३ | नागरिक उड्ड्यन कार्यालय प्रहरी प्रतिवेदन | ८१ | ७७ |
| ४ | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | ९ | ९ |
| ५ | औंठाछाप प्रमाणिकरण | १८८ | १८८ |
| ६ | अन्य (रिट निवेदन/उजुरी छानबिन) | १२ | ९ |
| | जम्मा | १,०९,८७२ | ८५,०२० |

## सामुदायिक प्रहरी गतिविधि

२०८० माघ महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :

(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)








*महिला सशक्तिकरण १ जि.प्र.का कपिलवस्तु मायादेवी गा.पा. वडा नं. १ पकडी*

# आसरा सुधार केन्द्र

## २०८० माघ महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





## माघ महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | ११ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | २५ जना |
| ३. | हराएका विदेशी नागरिक | - |
| ४. | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको विवरण | ४,२०१ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको | - |

# खोजतलास तथा समन्वय

## २०८० माघ महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको संख्या




## माघ महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

❖ Digital Forensics Lab बाट २०८० सालको माघ महिनामा बिभिन्न १४ वटा मुद्दा शीर्षक (ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव वेचविखन, बिद्युतीय कसूर, जबरजस्ती करणी, कर्तब्य ज्यान, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसूर, अनलाईन ठगी, जवरजस्ती करणी, सुन तस्करी, सवारी दुर्घटना) अन्तर्गत ६५ वटा मुद्दाको २४७ वटा सबुदहरु परीक्षण गरिएको ।

## दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

❖ माघ महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी इकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराएको ।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट **२०८०/१०/०१ गतेदेखि २०८०/१०/२९ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **६२६** केशहरु र **८५८५** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी **५७२** केशहरु र **३७६९** नमूनाहरु परीक्षण गरिएको।
- मिति २०८०/१०/०१ गते देखि २०८०/१०/२९ गते सम्म यस प्रयोगशालाबाट (AFIS) मा **१६४९** DATA Entry भएको।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०८०/१०/०१ गतेदेखि २०८०/१०/२९ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **१६१** केशहरु र **४३८** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी **१४१** केशहरु र **४९७** नमूनाहरु परीक्षण गरिएको।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, गणेशमानचोक, नेपालगंजबाट २०८०/१०/०१ गतेदेखि २०८०/१०/२९ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **५५** केशहरु र **१५१** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी **८१** केशहरु र **२३६** नमूनाहरु परीक्षण गरिएको।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

**२०८० माघ महिनामा परिचालित संख्या**



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### सर्वश्वसहित जन्मकैद सजाय भएका फरार प्रतिवादी २१ वर्षपछि पक्राउ

***काठमाडौं, २ माघ***

कर्तव्य ज्यान सम्बन्धी मुद्दामा सर्वश्वसहित जन्मकैद सजाय भएका फरार प्रतिवादी धादिङ ज्वालामुखी गाउँपालिका-१ बस्ने ७० वर्षीय सुर्य बहादुर दवाडीलाई २१ वर्षपछि पक्राउ गरेको छ। २०५९ फागुन २८ गते ज्वालामुखी गाउँपालिका-१ स्थित घर बारीमा सुर्य बहादुर दवाडीले अंश सम्बन्धी बिषयमा झगडा हुँदा आफ्नै श्रीमती सानुमाया दवाडीलाई कुटपिट गरी नाम्लोले घाँटीमा कसि हत्या गरेका कर्तव्य ज्यान सम्बन्धी मुद्दामा जिल्ला अदालत धादिङको २०६१ जेठ ५ गतेको फैसलाले सर्वश्वसहित जन्मकैद ठहर भएका फरार प्रतिवादी दवाडीलाई केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजबाट खटिएको प्रहरीले रूपन्देही सिद्धार्थनगर नगरपालिका-१ बेलहियाबाट पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदातल काठमाडौंमा दाखिला गरेकोमा अदालतको आदेशले कैद भुक्तानको लागी केन्द्रीय कारागार जगनाथदेवल पठाइएको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***नवलपरासी पूर्व, ७ माघ***

आफ्नै श्रीमती ३४ वर्षीया चनिसरा लम्ला मगरको हत्या गरेको अभियोगमा हुप्सेकोट गाउँपालिका-६ बिरुखर्क बस्ने ३३ वर्षीय शेर बहादुर लम्का मगरलाई प्रहरीले पक्राउ गरेको छ। शेर बहादुरले आफ्नै श्रीमतीलाई कोदालो र खुर्पा प्रहार गर्दा घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय नवलपरासी पूर्व र प्रहरी चौकी हुप्सेकोटबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिहरेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***सिरहा, ८ माघ***

सखुवानान्कारकट्टी गाउँपालिका-४ सखुवहा बस्ने ३० वर्षीया तन्जिला खातुनको हत्या गरेको अभियोगमा उनकै देवर नाता पर्ने २५ वर्षीय मो.ज्याउल मियाँलाई प्रहरीले पक्राउ गरेको छ। मियाँले धारिलो हतियार बन्चरो प्रहार गर्दा तन्जिला गम्भीर घाइते भएकी भन्ने खबर प्राप्त हुनसाथ ईलाका प्रहरी कार्यालय महेशवारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। गम्भीर घाइते तन्जिलाको सप्तऋषी अस्पताल लहानमा उपचारको क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### कर्तव्य ज्यान कसूरका फरार प्रतिवादी पक्राउ

***मोरङ, ११ माघ***

कर्तव्य ज्यान कसूरका फरार प्रतिवादी संखुवासभा साविक सिद्धकाली गाविस-२ बस्ने ३५ वर्षीया कैली तामाङलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला अदालत संखुवासभाको २०६६ फागुन १२ गतेको फैसलाले कर्तव्य ज्यान कसूरमा २० वर्ष कैद सजाय ठहर भई फरार रहेकी उनलाई ईलाका प्रहरी कार्यालय केराबारीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय संखुवासभामा बुझाइएको छ।

### हत्या गरेको अभियोगमा छोरा पक्राउ

***सुनसरी, १६ माघ***

आफ्नै बुवा ७० वर्षीय चिकचिलिया रिसिदेवको कुटपिट गरी हत्या गरेको अभियोगमा ईनरुवा नगरपालिका-८ गणेशपुर रिसिदेव टोल बस्ने २१ वर्षीय चिबु रिसिदेवलाई प्रहरीले पक्राउ गरेको छ। घरायसी लेनदेनको विषयलाई लिएर चिबुले माघ ११ गते दिउँसो कुटपिट गर्दा गम्भीर घाइते भएका चिकचिलियाको कोशी अस्पताल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरीले चिबुलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### विभिन्न धनमाल चोरी

***कास्की, ३ माघ***

पोखरा महानगरपालिका-१४ बिशालनगर टोल बस्ने चन्द्रबिक्रम अधिकारीको घरबाट करिब १० तोला बराबरको सुनका विभिन्न गरगहना, पित्तलको मूर्ति २ थान र नगद २९ हजार रूपैयाँ भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुको साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### विभिन्न धनमाल चोरी

***ललितपुर, ८ माघ***

गोदावरी नगरपालिका-१४ बाडेगाउँको हाडेगाउँ बस्ने बेखराज महर्जनको घरबाट नगद ३० हजार रूपैयाँ र सुनका विभिन्न गहना गरी करिब ९ लाख ५२ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुको साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, ११ माघ***

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी धादिङ ज्वालामुखी गाउँपालिका-२ घर भई हाल काठमाडौं बुढानिलकण्ठ नगरपालिका-८ बस्ने ३१ वर्षीय अशोक श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। उच्च अदालत पाटन ललितपुरको २०७९ चैत २७ गतेको फैसलाले बैंकिङ कसूर मुद्दामा ३ दिन कैद र ७ लाख रूपैयाँ जरिवाना सजाय ठहर भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले काठमाडौं स्वयम्भूबाट पक्राउ गरेको हो। उनलाई फैसला कार्यान्वयनको लागि काठमाडौं जिल्ला अदालतमा उपस्थित गराइएको छ।

### पोर्चुगल पठाइदिन्छु भन्दै रकम ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, १२ माघ***

पोर्चुगल पठाइदिन्छु भन्दै १२ लाख रूपैयाँ ठगी गरेको अभियोगमा नुवाकोट लिखु गाउँपालिका-४ घर भई हाल काठमाडौं तार्केश्वर नगरपालिका नेपालटार बस्ने २४ वर्षीय रोजिन न्यौपानेलाई प्रहरीले पक्राउ गरेको छ। न्यौपानेले ७ जनालाई वैदेशिक रोजगारीका लागि पोर्चुगल पठाई प्रतिष्ठित कृषि कम्पनीमा मासिक १ लाख २० हजार रूपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी

पीडितहरूबाट पटक पटक गरी उक्त रकम ठगी गरेकोले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई काठमाडौं माछापोखरीबाट पक्राउ गरेको हो। उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

### बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, २१ माघ***

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी काभ्रेपलान्चोक बनेपा नगरपालिका-६ बस्ने घराना डेभलपर्स प्रालिका सञ्चालक ४५ वर्षीया मन्दिरा केसी (कार्की) लाई प्रहरीले पक्राउ गरेको छ। साविक पुनरावेदन अदालत पाटनको २०७१ वैशाख २९ गतेको फैसलाले क्यापिटल मर्चेन्ट तथा फाइनान्स कम्पनी लिमिटेडका पदाधिकारी र कर्मचारीहरूलाई प्रभावमा पारी मन्दिराले घराना डेभलपर्स प्रालिलाई ऋणी बनाई सोही प्रालिका नाममा दर्ता रहको जग्गाहरु धितो राखी प्राप्त गरेको कर्जा दुरुपयोग गरेको भन्ने बैंकिङ कसूर मुद्दामा ३ वर्ष कैद र ४ करोड रुपैयाँ जरिवाना ठहर भई फरार रहेकी उनलाई केन्द्रीय अनुसन्धान ब्यूरो लाजिम्पाटबाट खटिएको प्रहरीले काभ्रेपलाञ्चोक बनेपाबाट पक्राउ गरेको हो। उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौंमा पेश गरिएको छ।

### युरोप पठाईदिन्छु भन्दै ६३ लाख रूपैयाँ ठगी गर्ने २ जना पक्राउ

***काठमाडौं, २५ माघ***

वैदेशिक रोजगारीको लागि युरोप पठाईदिन्छु भन्दै ६३ लाख रूपैयाँ ठगी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा ललितपुर नख्खु बस्नेहरू सर्लाही हरिवन नगरपालिका-३ घर भएका सरोज यादव, नागेन्द्र यादव नाम बताउने ३५ वर्षीय रामेश्वर सिंह र धनुषा मिथिला नगरपालिका-२ नक्टाजिच घर भएका सरोज यादव नाम बताउने २७ वर्षीय राम सेवक सिंह रहेका छन्। उनीहरूले ५५ जनालाई युरोप पठाई प्रतिष्ठित कम्पनीमा मासिक १ लाख ५५ हजार रूपैयाँ तलबमा काम लगाईदिन्छु भन्दै प्रलोभनमा पारी पीडितहरूबाट पटक पटक गरी उक्त रकम ठगी गरेको खुल्न आएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो। रामेश्वर सिंह २०७४ सालमा भेरी ओभरसिस संचालन गर्दा २ सय जनालाई ३ करोड ठगी गरेकोमा १ वर्ष ६ महिना जेल बसेर निस्केको, सरोज यादव, नागेन्द्र यादव र गुरूदेव यादवको नागरिकताको प्रमाणपत्रमा आफ्नो ज्वाई नाता पर्ने रामसेवक सिंहको फोटो टाँसी कन्सलटेन्सी दर्ता गरी ४८ जनाबाट विदेश पठाउने भन्दै प्रतिव्यक्ति ७ लाख रूपैयाँसम्म उठाएको र रामेश्वर सिंहले राम सेवक सिंहको फोटो टाँसी उल्लेखित व्यक्तिको नागरिकता दुरूपयोग गरेको अनुसन्धानको क्रममा खुल्न आएको छ। प्रहरीले उनीहरूको साथबाट विभिन्न व्यक्तिको नाममा काटिएको ६० लाख रूपैयाँ बराबरको २५ थान चेक र सिम कार्ड ९ थान बरामद गरेको छ। उनीहरू उपर ठगी, कीर्ते, जालसाजी, बैकिङ कसूर लगायतका मुद्दामा थप अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर टेकु काठमाडौं पठाइएको छ।

## यौन जन्य अपराध

### जबरजस्ती करणी गराउने मतियारसहित ३ जना पक्राउ

***दाङ, ४ माघ***

७ वर्षीया बालिकालाई जबरजस्ती करणी गराउन लगाएको मतियारसहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा राजपुर गाउँपालिका-७ सिप्टा बस्ने ४३ वर्षीय सुकविर कुमाल र सोही गाउँपालिका-६ बस्ने १० वर्षीय २ जना बालक रहेका छन्। सुकविरले ४ जना बालकहरूलाई ती बालिकालाई जबरजस्ती करणी गर्न लगाएको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय खांग्राबाट खटिएको प्रहरीले ५ जनालाई नियन्त्रणमा लिएको थियो। उनीहरूमध्ये २ जना बालकलाई आफन्तको जिम्मा लगाई पठाइएको छ भने सुकबिर कुमाल र अन्य २ जना बालक उपर जिल्ला अदालत दाङबाट म्याद थप भई आवश्यक अनुसन्धान भइरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***बाँके, ६ माघ***

७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बैजनाथ गाउँपालिका-५ जिगाउँ बस्ने ३५ वर्षीय प्रेम बहादुर रावतलाई प्रहरीले पक्राउ गरेको छ। रावतले ती बालिकालाई पुस २५ गते दिउँसो जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी बिट न्युसिटीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, १२ माघ***

खोटाङ, १३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बराहपोखरी गाउँपालिका-२ सुन्तले बस्ने २० वर्षीय सन्तोष आलेमगरलाई प्रहरीले पक्राउ गरेको छ। आलेमगरले ती बालिकालाई पुस २९ गते जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी हुक्नाजोरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

**धनकुटा,** १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा साँगुरीगढी गाउँपालिका-८ खुडी बस्ने ४४ वर्षीय अनके लोहोरूङ राईलाई प्रहरीले पक्राउ गरेको छ। राईले ती बालिकालाई सोही गाउँपालिका ८-टप्पु डाँडास्थित गोठमा गत जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय भेडेटारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***झापा, १५ माघ***

१५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा मोरङ उर्लाबारी नगरपालिका-८ बस्ने १९ वर्षीय आयुष धिमाललाई प्रहरीले पक्राउ गरेको छ। धिमालले ती बालिकालाई मेचिनगर नगरपालिका-१२ चारआलीस्थित हट स्मोक क्याफेको कोठामा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, २१ माघ***

**बर्दिया,** ६८ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा बारबर्दिया नगरपालिका-११ मिलन चोक बस्ने ३० वर्षीय रामकिसुन थारूलाई प्रहरीले पक्राउ गरेको छ। थारूले सोही नगरपालिका-११ बिजयनगरस्थित कपास विकास फारममा गत १४ गते ती महिलालाई जबरजस्ती करणी गरेको उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय मोतिपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

**यसैगरी बर्दिया,** १५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा गुलरिया नगरपालिका-४ कैलाशनगर बस्ने ६७ वर्षीय पंम बहादुर रानाभाटलाई प्रहरीले पक्राउ गरेको छ। रानाभाटले ती बालिकालाई आफ्नै घरमा

लगेर जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय बर्दियाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

**यसैगरी बर्दिया,** १५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा राजापुर नगरपालिका-६ महुवा बस्ने १५ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ । ती किशोरले ललाई फकाई बाँके नेपालगंज उपमहानगरपालिका-१ बेलासपुरस्थित दाजु नाता पर्ने व्यक्तिको कोठामा लगी माघ ४ देखि १४ गतेसम्म जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय राजापुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

**सर्लाही,** १२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा हरिपुर नगरपालिका-७ चितायन बस्ने ४८ वर्षीय सिकिन्द्र चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। चौधरीले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय हरिपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# लागू औषध सम्बन्धी

## अवैध लागूऔषधसहित पक्राउ

***काठमाडौं, ३ माघ***

कास्की, पोखरा महानगरपालिका-१३ गौडाकोमुख बस्ने २३ वर्षीय शिशिर कुँवरलाई अवैध लागूऔषध गाँजा करिब ६ सय ६४ ग्रामसहित प्रहरीले पक्राउ गरेको छ। वडा प्रहरी कार्यालय रामबजारबाट खटिएको प्रहरीले उनको कोठा तलासी गर्दा बोराभित्र लुकाई छिपाई राखेको उक्त गाँजासहित फेला पारी पक्राउ गरको हो।

तनहुँ, आँबुखैरेनी गाउँपालिका-१ बरादीबाट नियन्त्रित लागूऔषध नाइट्राभेट ६५ ट्याब्लेटसहित बारा जितपुर सिमरा उपमहानगरपालिका-७ बस्ने २२ वर्षीय अमदज मियालाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय आबुखैरेनीबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो।

धादिङ, गजुरी गाउँपालिका-१ गजुरीबजारबाट अवैध लागूऔषध गाँजा करिब १४ किलोसहित ३ जनालाई प्रहरी पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही गाउँपालिका-६ गेदेबिसौना बस्ने ३२ वर्षीय रवि भण्डारी, १९ वर्षीय प्रेम अधिकारी र १८ वर्षीय किशोर रहेका छन्। ईलाका प्रहरी कार्यालय गजुरीबाट खटिएको प्रहरीले बा. प्र ०३-००१ ख १९६४ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनीहरूलाई उक्त गाँजासहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब ५० किलो गाँजासहित दुई जना पक्राउ

***मकवानपुर, ८ माघ***

थाहा नगरपालिका-८ दामगडेबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने धुलो करिब ५० किलोसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा रसुवा पार्वतीकुण्ड गाउँपालिका-५ घर भई मकवानपुर थाहा नगरपालिका-९ नारायणहिटी बस्ने २७ वर्षीय प्रभात घले र मकवानपुर थाहा नगरपालिका-३ दमकी घर भई सोही नगरपालिका-६ बज्रबाराही बस्ने ३२ वर्षीय रण बहादुर थिङ रहेका छन्। ईलाका प्रहरी कार्यालय पालुङबाट खटिएको प्रहरीले गल्छीबाट पालुङतर्फ जाँदै गरेको बा.१५ च ३९२९ नम्बरको बोलेरो गाडीलाई जाँच गर्ने क्रममा २ वटा बोरामा राखेको उक्त गाँजा फेला पारी चालक प्रभात र गाडीमा सवार रण बहादुरलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब ८० किलो गाँजासहित दुई जना पक्राउ

***सुनसरी, ९ माघ***

देवानगंज गाउँपालिका-६ नहरचोकबाट अवैध लागूऔषध गाँजा करिब ८० किलोसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा धरान उपमहानगरपालिका-११ बस्ने २९ वर्षीय कुमार तामाङ र ३० वर्षीय राम बहादुर राई रहेका छन्। अस्थायी प्रहरी चौकी रासीबाट खटिएको प्रहरीले रासिबाट भारततर्फ जाँदै गरेको को.१ ह ५०९९ नम्बरको अटोलाई जाँच गर्ने क्रममा अटोको विभिन्न भागमा लुकाई राखेको उक्त परिमाणको गाँजा फेला पारी चालक कुमार र अटोमा सवार राम बहादुरलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध गाँजासहित पक्राउ

***मकवानपुर, १४ माघ***

हेटौंडा उपमहानगरपालिका-१५ रातमाटेबाट अवैध लागूऔषध गाँजा करिब ५ किलोसहित सिरहा कर्जनहा नगरपालिका-८ बस्ने ४२ वर्षीय राम सागर राउतलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी रातमाटेबाट खटिएको प्रहरीले को.१ ख ७९१४ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनलाई उक्त गाँजासहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध गाँजासहित पक्राउ

***मकवानपुर, १८ माघ***

हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट अवैध लागूऔषध गाँजा करिब १० केजीसहित सर्लाही बागमती नगरपालिका-१२ बस्ने १९ वर्षीय निशान गोलेलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरीले हेटौंडाबाट बिराटनगरतर्फ जाँदै गरेको बा.प्र.०३-००१ ख ०४५३ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार गोलेलाई उक्त गाँजासहित पक्राउ गरेको हो। साथै बस सवार १ जनालाई समेत प्रहरीले आवश्यक अनुसन्धानको लागि नियन्त्रणमा लिएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## ६४ किलो गाँजासहित एक जना पक्राउ

***मकवानपुर, २४ माघ***

मनहरी गाउँपालिका-७ रमौली बस्ने ४५ वर्षीय जगत बहादुर प्रजालाई अवैध लागूऔषध गाँजा ६४ किलोसहित प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीले प्रजाको घर नजिक मल राख्ने खाल्डोमा लुकाइ छिपाई राखेको उक्त परिमाणको गाँजा फेला पारी उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# अन्य अपराध

## जुवातास खेलिरहेको अवस्थामा ७ जना पक्राउ

***काठमाडौं, १ माघ***

चन्द्रागिरी नगरपालिका-३ थानकोट महाशक्ति पेट्रोल पम्प नजिक मिना मगरको खाजा घरमा जुवातास खेलिरहेको अवस्थामा मकवानपुर थाहा नगरपालिका-९ चित्लाङ बस्ने ३० वर्षीय रामकृष्ण थोकर समेत ७ जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त थानकोटबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ९ हजार ९ सय ७० रुपैयाँ र १ बुक ताससहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## सामाजिक सञ्जालमा महिलाको चरित्र हत्या गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, ३ माघ***

सामाजिक सञ्जालमा महिलाको चरित्र हत्या गरेको अभियोगमा संखुवासभा चिचिला गाउँपालिका-२ स्थाई घर भएका ३२ वर्षीय केशरमान राईलाई प्रहरीले पक्राउ गरेको छ। सामाजिक सञ्जाल फेसबुक र युट्युबमा नाम, ठेगाना र तस्विर सार्वजनिक गरी दुःख हैरानी तथा मानसिक आघात पुऱ्याएको भन्ने पीडितको उजुरीको आधारमा साइबर ब्यूरोबाट खटिएको प्रहरीले अनुसन्धान गर्ने क्रममा उक्त कार्यमा राई संलग्न भएको पाइएपछि उनलाई उक्त ब्यूरोको टोलीले जिल्ला प्रहरी कार्यालय संखुवासभाको सहयोग संखुवासभाबाट पक्राउ गरेको हो। उनीउपर जिल्ला अदालत काठमाडौंबाट ७ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको छ।

## बोक्सीको आरोपमा हत्या गरी फरार रहेका अभियुक्तहरू १५ वर्ष पछि पक्राउ

***काठमाडौं, ५ माघ***

बोक्सीको आरोप लगाई कुटपिट पश्चात हत्या गरी फरार रहेका २ जना अभियुक्त वारदात घटना पश्चात १५ वर्ष पछि पक्राउ परेका छन्। पक्राउ पर्नेहरूमा काभ्रे रोशि गाउँपालिका-३ ठेगाना भएका ४४ वर्षीय टंक बहादुर मगर र सोही ठाउँ बस्ने ४२ वर्षीय सन्त बहादुर मगर रहेका छन्। काभ्रे रोशि गाउँपालिका-३ स्थित चमार सिंह मगर भन्ने जनक बहादुर मगरलाई भतिज नाता पर्ने टंक बहादुर मगर र सन्त बहादुर मगरले २०६५ असोज २९ गते बोक्सीको आरोप लगाई कुटपिट पश्चात हत्या गरी फरार भएका थिए। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनीहरूलाई पुस २४ गते पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक कारवाहीको लागि जिल्ला अदालत काठमाडौंमा बुझाइएको छ।

## आर्थिक लाभ लिई नाबालिकाहरूलाई यौन क्रियाकलापमा लगाउने महिला पक्राउ

***काठमाडौं, १० माघ***

आर्थिक लाभ लिई नाबलिकाहरुलाई योन क्रियाकलापमा लगाउने कार्यमा संलग्न रहेको अभियोगमा धनकुटा छथर जोरपाटी गाउँपालिका-१ घर भई दोलखा भिमेश्वर नगरपालिका-९ बस्ने ३६ वर्षीय आशा लामा भन्ने लालमाया तामाङलाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौ महानगरपालिका-३२ जडिबुटीस्थित टिमुरे क्याफे र चरिकोट गेष्ट हाउस सञ्चालन गरी उक्त क्याफे तथा गेष्ट हाउसहरुमा नाबालिकाहरुलाई ललाई फकाई विभिन्न किसिमको प्रलोभनमा पारी यौन गतिविधिमा लगाउने गरेको भन्ने सूचनाका आधारमा मानव बेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनलाई काठमाडौं जडिबुटीबाट पक्राउ गरेको हो। साथै उक्त ब्यूरोबाट खटिएको प्रहरीले दुई जना बालिकाहरूको उद्दार समेत गरेको छ।आर्थिक अवस्था कमजोर भएका, ग्रामीण भेगका कम पढेलेखेका बालिकाहरुलाई क्याफे तथा गेष्ट हाउसमा वेटरको काम लगाईदिने तथा आकर्षक तलब सुविधा दिने प्रलोभनमा पारी बोलाउने गरेको, सुरूमा वेटरको काममा लगाउने र केही समय पछी ललाई फकाई प्रलोभनमा पारी वेश्यावृत्तिमा लगाउने गरेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ। उनी उपर मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमती लिई आवश्यक अनुसन्धान गर्नुका साथै घटनामा संलग्न अन्य प्रतिवादीहरूको खोजी भइरहेको उक्त ब्यूरोले जनाएको छ।

## भरूवा बन्दुकसहित एक जना पक्राउ

***अछाम, ११ माघ***

मंगलसेन नगरपालिका-१२ ठाँटीखाद बस्ने ३१ वर्षीय टंक बहादुर शाहीलाई भरूवा बन्दुक १ थानसहित प्रहरीले पक्राउ गरेको छ। अस्थायी प्रहरी पोष्ट गैरीटाडबाट खटिएको प्रहरीले उनलाई उक्त बन्दुकसहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## हर्नेट बन्दुक एक थान र मृगको मासुसहित एक जना पक्राउ

***सप्तरी, १९ माघ***

हनुमाननगर कंकालनी नगरपालिका-२ वैष्णोदेवी मन्दिर नजिकबाट हर्नेट बन्दुक १ थान, त्यसको गोली ६ थान, म्यागजिन २ थान, मृगको मासु करिब ३५ किलो र दूरविन १ थानसहित राजबिराज गरपालिका-५ बस्ने ४६ वर्षीय शैलेन्द्र कुमार झालाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय हनुमाननगरबाट खटिएको प्रहरीले उनलाई उक्त मासु र हातहतियारसहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## भरूवा बन्दुक बरामद

***बागलुङ, २० माघ***

बडिगाड गाउँपालिका-३ सिसाखानी सडक नजिकबाट एकनाले भरूवा बन्दुक १ थान प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी खर्वाङबाट खटिएको प्रहरीले उक्त भरूवा बन्दुक फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अपहरण तथा शरीर बन्धकमा संलग्न दुई जना पक्राउ

***नुवाकोट, २५ माघ***

ककनी गाउँपालिका-४ बस्ने ५६ वर्षीय सूर्य बहादुर तामाङलाई अपहरण गरी बन्धक बनाएको घटनामा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा ककनी गाउँपालिका-४ बस्ने ३० वर्षीय राजकुमार तामाङ र शिवपुरी गाउँपालिका- ८ बस्ने २४ वर्षीय चन्द्र बहादुर तामाङ रहेका छन्। उनीहरूले बा.६ ज ७७७९ नम्बरको गाडीमा आएका सूर्य बहादुरलाई माघ २२ गते राति ककनी गाउँपालिका-४ काउलेदेखि ककनी जाने सडकबाट बन्धक बनाई गाडी सहित अपहरण गरेर पन्चकन्या गाउँपालिकाको कबिलास जाने सडकको एकान्तमा लगि गाडी भित्रै बन्धक बनाई ज्यान मार्ने धम्की दिई रकम माग गरेको खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय नुवाकोटबाट खटिएको प्रहरीले प्रहरी वृत्त बालाजुको सहयोगमा रकम लिन आएको अवस्थामा दुवै जनालाई काठमाडौं महानगरपालिका-१६ माछापोखरीबाट पक्राउ गरेको हो। साथै प्रहरीले सूर्य बहादुरलाई सकुशल अपहरणमुक्त समेत गरेको छ। उनीहरू उपर जिल्ला अदालत नुवाकोटबाट अपहरण तथा शरीर बन्धक मुद्दामा ७ दिन म्याद थप अनुमति लिई प्रहरीले आवश्यक अनुसन्धान गर्नुका साथै घटनामा संलग्न अन्य व्यक्तिहरूको खोजी गरिरहेको छ।

# उत्कृष्ठ अनुसन्धान

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८०।१०।१२ गते अन्दाजी १७:०० बजेको समयमा जिल्ला इलाम, माङसेबुङ गा.पा. वडा नं.२ स्थितमा ऐ.ऐ बस्ने बर्ष ५७ को बालध्वज लिम्बुले आफ्नो श्रीमती बर्ष ५८ की हस्तश्वरी लिम्बुलाई काठको बटमले कुटपिट गरी घाईते बनाई निज हस्तश्वरी लिम्बुको मिति २०८०।१०।१४ गते उपचारको क्रममा झापा स्थित बिर्तासिटी अस्पतालमा मृत्यु भएको घटना सम्बन्धमा तत्कालै प्रहरी टोली घटनास्थलमा खटी गई घटनास्थल मुचुल्का, लाशजाँच प्रकृति मुचुल्का तथा पोष्टमार्टम लगायतकाको कार्य सम्पन्न समेत गरी मिति २०८०।१०।१५ गते प्रतिवादी बालध्वज लिम्बुलाई पक्राउ गरी अनुसन्धान गरी कानूनी दायरामा ल्याईएको।

## मुद्दा शीर्षक – जबरजस्ती करणी

मिति २०८०।०९।२४ गते अन्दाजी ०९:०० बजेको समयमा जिल्ला कपिलवस्तु, कपिलवस्तु नगरपालिका वडा नं.०८ दोहनी स्थितमा जाहेरवालाको घर वतन भन्दा अन्दाजी २ कि.मी. टाढा खेतमा रहेको परालको थुप्रोमा लगि ऐ. बस्ने बर्ष अन्दाजी ६० को तिरथ चमारले मेरो छोरी बर्ष १२ की परिवर्तित नाम ५१ घ कपिलवस्तुलाई जबरजस्ती करणी गरेको हुँदा निज तिरथ चमार उपर कानून बमोजिम कारबाही गरी पाउँ भन्ने समेत ब्यहोराको परिवर्तित नाम ५१ ख कपिलवस्तुको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धानपश्चात सम्मानित कपिलवस्तु जिल्ला अदालतको मिति २०८०।१०।१७ गतेको आदेशले निज प्रतिवादी तिरथ चमार पुर्पक्षको लागि कारागार चलान भएको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८०।०९।०७ गते अं. साँझको १७;०० बजेको समयमा जिल्ला रुपन्देही, मायादेवी गा.पा. वडा नं.३ कम्हरिया स्थितमा जाहेरवालाको आमा बर्ष ६५ की ईशरवती हरिजनलाई नार्सल यादवको घर अगाडी सार्बजानिक बाटोमा प्रतिवादी जिल्ला रुपन्देही मायादेवी गा.पा. वडा नं.३ कम्हरिया बस्ने भोला चमारको छोरा बर्ष ३२ को बिनोद हरिजनले धारिलो हरियार हँसियाले टाउकोमा प्रहार गरी घाईते भई उपचारको क्रममा अस्पतालमा मिति २०८०।०९।०८ गते मृत्यु भएको हुँदा कानून बमोजिम गरी पाँउ भन्ने व्यहोराको जिल्ला रुपन्देही, मायादेवी गा.पा. वडा नं.३ बस्ने बर्ष ४० को शिव कुमार चमारको जाहेरी प्राप्त भएकोमा निज बिनोद हरिजनलाई पक्राउ गरी अनुसन्धानपश्चात सम्मानित रुपन्देही जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०८०।१०।०५ गतेको आदेशले प्रतिवादीलाई पुर्पक्षका लागि कारागार थुनामा पठाईएको।

## मुद्दा शीर्षक – सहकारी ठगी

कान्ती भैरब बचत तथा ऋण सहकारी संस्थामा बचतकर्ताहरुले बचत गरेको रकम जम्मा रु.२५,९२,९४,८९२/- (पच्चीस करोड बयानब्बे लाख चौरानब्बे हजार आठ सय बयानब्बे) जाहेरवाला सुभास श्रेष्ठ समेत १११ जना अन्य जाहेरवालाहरुलाई फिर्ता नगरेको हुँदा कानून बमोजिम कारबाही गरिपाँउ भन्ने ब्यहोराको सुभास श्रेष्ठ समेतको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धानपश्चात सम्मानित काठमाण्डौ जिल्ला अदालत, बबरमहलको मिति २०८०।१०।२१ गतेको आदेशले प्रतिवादीहरु प्रेम श्रेष्ठ, राजेन्द्र श्रेष्ठ, हरि कृष्ण श्रेष्ठ र शेरलाल श्रेष्ठ पुर्पक्षको लागि कारागार थुनामा गएको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८०।०९।१३ गते अं. साँझको १७:०० बजेको समयमा जिल्ला रुपन्देही, मर्चवार गा.पा. वडा नं.१ गैडहवा स्थित घरमा कोही नभएको समयमा परिवर्तित नाम भैरहवा-४२ (बालिका) मिति २०८०।०९।१३ गते विद्यालयबाट पढेर घरमा आई स्कुल ड्रेस समेत फेर्न नपाउँदै अकबर अलि दर्जीले साईकल लिएर घरमा आई तेरो बुबा कहाँ छ, काम छ भनी सोधपुछ गरी निज बालिकालाई आफुसँगै साईकलमा बसाली लिई गई कर्तब्य गरी मारी जिल्ला रुपन्देही, मर्चवारी गा.पा. वडा नं.१ खुरखुरिया घाट स्थित गैडहवा नालाको पानीमा फालेको घटनामा सम्पूर्ण अनुसन्धान कार्य सम्पन्न गरी पक्राउमा परेका निज अकबर अलि दर्जीलाई सम्मानित रुपन्देही जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०८०।१०।१० गतेको आदेशले निज प्रतिवादीलाई पुर्पक्षका लागि कारागार थुनामा पठाईएको।

## मुद्दा शीर्षक – हातहतियार तथा खरखजाना सम्बन्धी कसूर

मिति २०८०।०९।०५ गते सव डिभिजन वन कार्यालय, गोरुसिङ्गे कपिलवस्तुबाट डिउटीमा खटिएको टोलीले वन जंगल एरियामा गस्ती गर्दै जाने क्रममा पूर्व-पश्चिम राजमार्ग देखी उत्तर खण्डमा रहेको तिलौराकोट साझेदारी वनमा B621 सव कम्पार्टमेन्टमा बन्दुक पड्केको आवाज सुनी सो स्थानलाई गस्तीमा खटिएको टोलीले जंगल एरियामा घेरा हाली खोजतलास गर्दै जाने क्रममा १०/१२ जना शिकारीहरु भरुवा बन्दुक सहित देखेको र निजहरुलाई नियन्त्रणमा लिन खोज्दा शिकारीबाट हामी गस्ती गर्ने कर्मचारीलाई लक्षित गरी बन्दुक तेर्साई ६/७ राउण्ड बन्दुक फायर गरेकोमा गस्ती टोलीबाट समेत जवाफी ५ राउण्ड हवाई फायर गरी अवस्था नियन्त्रणमा लिईएकोमा निज शिकारीहरु भागी गएकोमा भाग्दै गर्दा जिल्ला कपिलवस्तु, वाणगंगा नगरपालिका वडा नं.७ बस्ने बर्ष ३९ को जंग बहादुर परियारलाई फेला पारी निजको शरीर रितपूर्वक खानतलासी गर्दा निजले बोकेको सानो खैरो झोला भित्र निलो भान्टा कलरको प्लाष्टिक भित्र लुकाई छिपाई राखेको अवस्थामा थान-२ (दुई) भरुवा बन्दुकमा लाग्ने फलामको डल्ला (छर्रा, गोली) फेला पारी बरामद गरी निज जंग बहादुर परियारलाई पक्राउ गरी दाखिला गरेका छौं भन्ने समेत ब्यहोराको सव डिभिजन वन कार्यालय, गोरुसिङ्गेका फरेष्ट्रर श्री धर्म बहादुर ओली समेतको प्रतिवेदन तथा सव डिभिजन वन कार्यालय, गोरुसिङ्गे, कपिलस्तुको पत्र प्राप्त भएकोमा अनुसन्धानपश्चात सम्मानित कपिलवस्तु जिल्ला अदालत, तौलिहवाको मिति २०८०।१०।०३ गतेको आदेशले प्रतिवादी जंग बहादुर परियार भन्ने जंग बहादुर दमाईलाई रु.६०,०००।– (साठी हजार) धरौटी रकम माग भएकोमा उक्त रकम राखी तारेखमा छुटी गएको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८०।१०।०२ गते अं०१:.०० बजेको समयमा जिल्ला सुर्खेत, पंचपुरी न .पा. वडा नं.६ कुवापानी बस्ने नयाराम बुढाले निजको आफ्नै छोरा बर्ष १८ को भरत बुढा र निजको छोरी बर्ष १५ की प्रेमा बुढालाई धारिलो हतियार बन्चरोले प्रहार गर्दा निजको छोरा भरत बुढाको मृत्यु भएको र छोरी प्रेमा बुढा घाईते भएको घटनामा मुद्दा दर्ता गरी घटनापश्चात भागी फरार रहेका प्रतिवादी नयाराम बुढालाई पक्राउ गरी अनुसन्धानपश्चात सम्मानित कैलाली जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०८०।१०।२८ गतेको आदेशले निज प्रतिवादी पुर्पक्षको लागि कारागार चलान भएको।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्


**नेपाल प्रहरी प्रधान कार्यालय**

**अपराध अनुसन्धान विभाग**

**नक्साल काठमाडौं**

Email: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np